## तपशिलः

**१.सभा हुने मिति, सयम र स्थानः**

मितिः २०८१ जेष्ठ २५ गते शुक्रवार (तदनुरुप ७ जुन, २०२४)
समयः दिउसो १२:३० वजे,
स्थानः रोयल कुश्मा रिसोर्ट, कुश्मा पर्वत ।

**२.साधारण सभामा छलफलहुने विषयहरु::**

**क) सामान्य प्रस्तावहरुः**

१) सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूवाट प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८० असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधीको नगद प्रवाह विवरण तथा सो संग सम्वन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

३) आर्थिक वर्ष २०८०/०८१ को संस्थाको लेखापरिक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

४) सञ्चालक समितिमा संस्थापक समूहवाट प्रतिनिधित्व गर्ने ४ (चार) जना सञ्चालकको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावः**

१) वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीहरुमा आवश्यक संशोधन गर्नुपर्ने भएमा छलफल गरी शंसोधन गर्ने सम्वन्धमा ।

२) यस वित्तीय संस्थाले अन्य इजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा वढि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मुल्यांकनकर्ताको नियुक्ती तथा नीजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तीसंग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपानाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

३) वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा गरिएको शंसोधनका सम्वन्धमा नियमनकारी निकायवाट कुनै संशोधन वा फेरवदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही वमोजिम गर्न/ गराउन तथा अभिलेखन गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्वन्धि कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत वित्तीय संस्थाको सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारणसभा सम्वन्धी सामान्य जानाकारीः**

१. सेयरधनी दर्ता किताव वन्द रहनेः वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०२/१८ गते एक दिन सेयर दाखिल खारेजी दर्ता कार्य बन्द (बुक क्लोज) रहने स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०२/१७ गते सम्म कारोवार भई प्रचलित कानुन अनुसार तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार ग्लोवल आईएमइ क्यापिटल लिमिटेड, नक्शाल, काठमाण्डौमा प्राप्त सेयर नामसारी लिखतको आधारमा

सेयरधनी कितावमा कायम सेयरधनीहरु मात्र सो साधारण सभामा भाग लिन योग्य हुने व्योहोरा सम्वन्धित सबैमा जानाकारी गराईन्छ ।

२. सेयरधनी महानुभावहरुले साधारण सभामा भाग लिन आउँदा आफ्नो हितग्राही परिचय पत्र नं वा आफ्नो परिचय खुल्ने कुनै आधिकारीक परिचयपत्र साथमा लिइ आउनु पर्नेछ । संगठित संस्थावाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थावाट प्रतिनिधि नियुक्त गरिएको आधिकारीक पत्र लिई आउनु पर्नेछ । यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा कम्तिमा २४ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा जानाकारी गराउनु पर्नेछ ।

३. साधारण सभाको सूचना तथा वार्षिक प्रतिवेदन २०७९/०८० सम्वन्धि विवरण संस्थाको केन्द्रिय कार्यालय कुश्मा, पर्वत तथा सेयर रजिष्ट्रार ग्लोवल आईएमइ क्यापिटल लिमिटेड, नक्शाल, काठमाण्डौवाट प्राप्त गर्न सकिनेछ । कुनै कारण वस उक्त प्रतिवेदन प्राप्त नगर्नु हुने सेयरधनी महानुभावहरुले सभा हुने दिन सभा स्थलवाट नै प्राप्त गर्न सक्नु हुनेछ ।

४. साधारण सभामा भाग लिने इच्छुक सेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभामा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिर पुस्तिका सभा हुने दिन बिहान ११:०० बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

५ साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहेमा सेयरधनीहरुले तोकिएको ढाँचमा यस वित्तीय संस्थाको सेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रिय कार्यालय कुश्मा ६, पर्वतमा दर्ता गराई सक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गरी सके पछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधिभित्र वित्तीय संस्थाको केन्द्रिय कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

६. प्रोक्सी नियुक्त गरिसक्नु भएको सेयरधनी आफै साधारण सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिईसकेको भए पनि त्यस्तो प्रोक्सी वदर हुनेछ ।

७. नावालक सेयरधनीहरुको तर्फवाट संरक्षक (सेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, प्रतिनिधि तोक्न तथा मत दिन समेत सक्नेछ ।

८. छलफलको विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक सेयरधनीहरुले सभा हुनु भन्दा सात दिन अगाबै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।

९. सञ्चालक निर्वाचन सम्वन्धी सूचना निर्वाचन अधिकृतवाट साधारण सभा हुने दिन भन्दा ७ दिन अगाडी वित्तीय संस्थाको सूचना पाटीमा प्रकाशित हुनेछ । निर्वाचन सम्वन्धि प्रकृया तथा कार्यक्रम वित्तीय संस्थाको "सञ्चालक निर्वाचन निर्देशिका, २०७९" बमोजिम हुनेछ ।

१०. संस्थापक सेयरधनीको प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा उम्मेद्‌वार हुन चाहने, मतदाता नामावलीमा नाम दर्ता भएको सेयरधनीले वित्तीय संस्थाको नियमावलीमा भएको व्यवस्था वमोजिम संस्थापक सेयर आफ्नो नाममा लिएको हुनु पर्नेछ । प्रचलित नेपाल कानुन, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंकद्धारा समय समयमा जारी गरिएको निर्देशनहरु तथा वित्तीय संस्थाको निर्वाचन निर्देशिका बमोजिम अयोग्यता नठहरिएको संस्थापक सेयरधनी उक्त सञ्चालकको उम्मेद्‌वार हुन योग्य हुनेछन् ।

११. "सञ्चालक निर्वाचन निर्देशिका, २०७९" प्राप्त गर्न चाहेमा यस वित्तीय संस्थाको नाममा रहेको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, कूश्मा शाखा स्थित खाता नं. १९६०१०५०००५०५० मा रु. ३००/- (अक्षरेपी तीन सय रुपैयाँ मात्र) जम्मा गरी सो को भौचर वा क्रेडिट एडभाईस यस वित्तीय संस्थाको इमेल nesdosmfi@gmail.com मा पठाउनु भएमा इमेल मार्फत सो निर्देशिका उपलब्ध गराईनेछ ।

१२. साधारण सभा सम्वन्धी काम कार्यवाही कम्पनी ऐन-२०६३, संस्थाको नियमावली-२०७५ तथा प्रचलित कानुन वमोजिम हुनेछ ।

१३. थप जानाकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालयको फोन नं. ०६७-४२०४०६ वा कम्पनी सचिवको मोवाईल नं. ९८४६०४८१८० वा वित्तीय संस्थाको वेवसाईट www.slbs.nesdonepal.org वाट लिन सकिनेछ ।

**निर्णय नं. ७, साधारण सभा प्रयोजनको लागि संस्थाको सेयर दाखिल खारेज दर्ता कार्य बन्द (वुक क्लोज) मिति सम्वन्धमाः** छलफल गर्दा पाँचौ वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१ जेष्ठ १८ गते एक दिन सेयर दाखिल खारेजी दर्ता कार्य बन्द (वुक क्लोज) गर्ने तथा सो को जानकारी साधारण सभा सम्वन्धि सूचनामा समावेस गरी सरोकारवाला सबै निकायमा लिखित जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ८, वित्तीय संस्थाको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन स्वीकृती तथा प्रकाशन सम्वन्धमाः** छलफल गर्दा संस्था सञ्चालक समितिका श्रीमान् अध्यक्ष सावित्री खत्री

CamScanner